धनगढी उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प.सं.:-०७९/०८०
च.नं.:-६१८

मिति:-२०८०/०२/२५

**विषय : ग्रेडसिट बुझिलिई वितरण गर्ने सम्बन्धमा।**

श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै,
धनगढी उप-महानगरपालिका, कैलाली।

प्रस्तुत सम्बन्धमा शैक्षिक सत्र २०७९ को आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षामा समावेश भएका विद्यार्थीहरुको ग्रेडसिट तयार भईसकेको हुँदा मिति २०८०।०२।३१ गते भित्र देहाय बमोजिम आ-आफ्नो विद्यालयको ग्रेडसिट बुझि लिइ विद्यार्थीहरुलाई निःशुल्क वितरण गर्नु गराउनु हुन अनुरोध छ।

नरेन्द्र बहादुर खाती
उपसचिव

देहायः

१. ग्रेडसिटमा जन्मदर्ताका आधारमा नामथर, जन्म मिति, आमा र बुवाको नामथर सच्याउनुपर्ने भए विद्यालयको सिफारिस पत्र र जन्मदर्ताको प्रतिलिपिका आधारमा ग्रेडसिट जारी भएको मितिले ३५ दिन भित्र निःशुल्क रुपमा सच्याई लैजानुपर्नेछ।

२. ३५ दिन पछि सच्याउन आएमा धनगढी उप-महानगरपालिकाले तोकेको राजश्व लिएर मात्र प्रतिलिपी उपलब्ध गराउन सकिनेछ।

३. संस्थागत विद्यालयको हकमा ग्रेडसिट बुझिलिनका लागि आ. व. २०७९।०८० को व्यवसाय कर तिरेको रसिदको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।

बोधार्थः

श्रीमान् नगर प्रमुख ज्यूः जानकारीको लागि अनुरोध छ।

श्रीमान् नगर उपप्रमुख ज्यूः जानकारीको लागि अनुरोध छ।

श्री सञ्चार तथा सूचना प्रविधि शाखाः वेभसाइट र फेसबुक पेजमा अपलोड गरी दिन हुन अनुरोध छ।